बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा वाणिज्य कार्यालय

प.सं.: २०८१/०८२
च.नं. :

चौतारा, सिन्धुपाल्चोक

# नवप्रवर्तन उद्यमी सम्मान सम्वन्धी १० दिने सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८१/०७/०४**

प्रस्तुत बिषयमा बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयबाट नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रममा सहभागिता सम्वन्धी सूचना प्रकाशन भए अनुसार उक्त कार्यक्रममा समावेश हुनका लागि "नवप्रवर्तन उद्यमी सम्मान मापदण्ड, २०८१" को अनुसूची - २ बमोजिमको निवेदनको ढाँचामा तपसिल बमोजिमका कागजातहरुका साथ सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

क. अनुसूची - २ बमोजिमको प्रस्ताव,
ख. नागरिकताको प्रतिलिपी,
ग. दुई प्रति पासपोर्ट साईजको फोटो,
घ. उद्योग दर्ता/नविकरणको प्रतिलिपी,
ङ. PAN/VAT दर्ताको प्रतिलिपी,
च. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,
छ. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,
ज. पछिल्लो २ (दुई) बर्षसम्म सरकारी निकायबाट सम्मान प्राप्त नगरेको भनी गरेको स्वघोषणा,
झ. विशेष प्राथमिकता समूह खुल्ने निस्सा

नोटः विस्तृत जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०११-६२०१२९ वा ९८५११३४१२९ मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ ।

त्रिपुरारी बखेल
कार्यालय प्रमुख

अनुसूची - २

दफा ८ को खण्ड (क) सँग सम्वन्धित

१. उद्यमीको नामः
२. उद्योगको नामः
३. उद्योगको उद्धेश्यः
४. उद्योगको प्रकृतिः
५. ठेगानाः
६. स्थापना र नविकरण मितिः
७. सम्पर्क फोन, मोवाईल, फ्याक्स, इमेलः
८. विगत दुई बर्षदेखि हालसम्म रोजगारी दिईएको श्रमिकको संख्या र नामावलीः (श्रमिकको हाजिरी, नियुक्ति पत्र वा अन्य कुनै निस्सा भए पेश गर्ने)

९. के, कुन स्थानीय र वाह्य कच्चा पदार्थ तथा स्रोत साधन प्रयोग गरी उद्यम गरिरहेको (स्थानीय र बाह्य स्रोत बुँदागत रुपमा खुलाउने)

१०. वातावरणमैत्री उद्यम भए/नभएको (खुला स्थान, बगैंचा, बोटविरुवा, विश्रामस्थल, लैङ्गिकमैत्री शौचालय र सरसफाई के कस्तो छ लेख्ने)

११. वैदेशिक रोजगारबाट फर्की उद्यम संचालन गरेको वा नगरेको (यदि गरेको भए कार्य अवधि र देशको नाम खुलाउने साथै भिसा र पासपोर्टको प्रतिलिपी संलग्न गर्ने)

१२. विशेष प्राथमिकता समूह भए खुलाउने (सो प्रमाणित हुने कागजात पेश गर्ने)
१३. उत्पादित वस्तु, सामाग्री तथा निर्माण गरिएका वस्तुहरुको व्यवस्थापन, ब्राण्डिङ्ग र प्याकेजिङ्ग कस्तो रहेको खुलाउनेः

१४. उद्योगको नवप्रवर्तन स्तर कस्तो रहेको खुलाउनेः

१५. उत्पादित वस्तुहरु निर्यात भए नभएको (निर्यात प्रमाणित हुने कागजात पेश गर्ने)

१६. उद्योगले पारेको सामाजिक/आर्थिक प्रभावः
(क)
(ख)

१७. अन्य कुरा केही भए खुलाउनेः

स्वघोषणाः मेरो/हाम्रो उद्योगले पछिल्लो (दुई) बर्षसम्म कुनै पनि सरकारी निकायबाट सम्मान/पुरस्कार प्राप्त नगरेको तथा माथी पेश गरिएका विवरणहरु सहि-साँचो हो भनी स्वघवषणा गर्दछु ।

..............................................

(विवरण पेश गर्ने उद्यमीको दस्तखत)